**थाहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ईन्द्रायणीचौर,मकवानपुर**

**बागमती प्रदेश,नेपाल**

**आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त सम्बन्धी १५ दिने बोलपत्र आव्हानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७७/०३/०५ गते**

स्थानीय सरकार संञ्चालन ऐन, २०७४को परिच्छेद–३ दफा ११ को (घ) र आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ मा व्यवस्था भए बमोजिम थाहा नगरपालिका भित्र २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मशान्त सम्मको लागि बोलपत्र बाट कृषिउपज तरकारी निकासी करको **आ.व.२०७७/०७८को** लागि ठेक्का लगाउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक व्यक्ति,फर्म,कम्पनी,वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रहि रितपूर्वकको सिलबन्दीबोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । यस सम्बन्धी शर्तहरु बुझ्नु परेमा थाहा नगरपालिका राजश्व, शाखामा सम्पर्क राख्न सकिने छ ।

शर्तहरु:

१. बोलपत्र शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक फर्म ,उद्योग, कम्पनी संस्था वा व्यक्तीहरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र चालु आ.ब.को लागि नविकरण भएको फर्म दर्ता,प्रमाण पत्र,स्थायी लेखादर्ता प्रमाण पत्र ,मू.अ.कर दर्ता प्रमाण पत्रएवं आ.व. २०७५/७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि लिखित निवेदन पेश गरि तोकिए बमोजिमको राजस्व दस्तुर(फिर्ता नहुने गरि) बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको बोलपत्र फाराम दोस्रो पटक सुचना प्रकाशित भएको मितिले १६औं दिनको १२.००बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि बोलपत्र फाराम पेश गर्नेको नाम,ठेगाना,र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर विवरण खुलाई ठेक्का नं. समेत उल्लेख गरि यस कार्यालयको जिन्शी तथा खरिद ईकाई शाखामा तोकिएको समयभित्रै दर्ता गराईसक्नु पर्ने छ । सो सिलबन्दी दर्तागर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनीधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३.बोलपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धि कसुर माकुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

४. बोलपत्र साथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत (पांच प्रतिशत) रकम यस कार्यालयको कृषि विकास बैंकको धरौटी खाता ग–३ ०५०८४०११५५७३८०३०मा दाखिला गरेको सक्कलै बैंक भौचर संलग्न राख्नूपर्ने छ वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिनअवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond)संलग्न गरी पेश गर्नुपर्नेछ ।

५. गोप्य शिलबन्दी बोलपत्रमा आफूले कबुल गरेको अंक र अक्षर दुबै स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ, केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

६. गोप्य शिलबन्दी बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. यो बोलपत्र सम्बन्धी कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन,२०६३ नियमावली,२०६४ तथा नेपाल सरकारका अन्य ऐन,नियमहरु बमोजिम हुनेछन् ।

८. पहिलो किस्ता बराबरको रकम दाखिला गरी बाँकी किस्ता रकम बराबरको **Performance Bond** गरेको बैंक ग्यारेन्टी ठेक्का अवधि भन्दा कम्तिमा १ महिना बढि समय सम्मको लागि राखेपछि मात्र शर्त कबुलियत गरिनेछ ।

९.बोलपत्र स्वीकृत गर्ने वानगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ । ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ,बोलपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा नगरपालिकाको स्टोर शाखामा आई बुझ्न सकिने छ ।
१०. ठेक्काको क्षेत्रगत समेत एकमुष्ट वार्षिक न्युनतम अंक रकम ४० लाख (अक्षेरुपी चालिस लाख ) रुपियाँ मात्र कायम गरिएको छ ।

११. व्यवसायिक पैठारी हुने वस्तुको दररेट यस नगरपालिकाले तोके बमोजिम हुनेछ दररेट नगरपालिकाले उपलब्ध गराउने छ ।

१२. २५ प्रतिशत रकम (ठेक्का सम्झौत गर्नु अगाडी)अग्रीम दाखिला गरि प्रथम किस्ता ३० प्रतिशत असोज मशान्त दोश्रो किस्ता ३० प्रतिशत पौष मशान्त र अन्तिम किस्ता १५ प्रतिशत चैत्र मशान्त सम्म रकम नगरपालिकाको आन्तरिक आय खातामा जम्मा गर्नु पर्ने छ ।

तपसिलः

| सूचना तथा ठेक्का नं. | विवरण | न्युनतम कबोल अंक( मू.अ.क.)बाहेक | टेण्डर फारम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३/०७६/०७७ | कृषि उपज तथा तरकारी निकासी कर | ४०,००००० (चालिस लाख) | रु.१०००/- | २०००००। | दरररेट कार्यालयबाट प्राप्त गर्न सकिने छ । |

१३.व्यवसायिक पैठारी हुने वस्तुको दर रेट सम्बन्धी विस्तृत विवरण थाहा नगरपालिकाको वेभसाइट www.thahamun.gov.com.np सूचना हेर्न सकिनेछ ।
१४. व्यवसायिक पैठारी हुने वस्तुको इकाइ सहितको मूल्य बोलपत्र कागजातमा उल्लेख गरे अनुसार हुनेछ ।
१५.शुल्क अशुल गर्दा प्रयोग गरिने रसिद ठेकदार आफैले तयार गरि न.पा.को छाप लगाई चलन गर्नु पर्ने छ ।

१६.बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र कबुलियत गरि चलनपुर्जी लिन नआएमा निजले राखेको धरौटी जफतगरि नियमानुसार घटिवाला संग ठेक्का सम्झौता गर्न सकिने छ ।
१७. कृषि उपज तथा तरकारीहरुमा मू.अ.क. लगाउन नपाउने कानुनी व्यवस्था भएकाले नियमानुसार नेपाल सरकारलाई वुझाउनु पर्ने कर दस्तरुहरु ठेकदार स्वयंमले वुझाउनु पर्ने छ ।

१८. कृषि उपज तथा तरकारी निकासी करको हकमा नगरपालिकाले उपलब्ध गराएको दररेटमा भ्याट समावेश गरि कर उठाउन पाईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत